# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल
(प्रशासन शाखा)


पत्र सं.२०८०/०८१
चलानी नं.:- 1843

मितिः२०८१/०१/२१

विषय : आवश्यक कारवाही सम्बन्धमा ।

श्री वडा कार्यालय सबै (११ वटा),
मिथिला नगरपालिका, धनुषा

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय(स्थानीय तह समन्वय शाखा) सिंहदरबार, काठमाडौंको प.सं.२०८०/८१ च.नं.४३२ मिति २०८१/०१/०९ गतेको पत्र तथा काठमाडौं महानगरपालकि काठमाडौंको चं.नं.१०८०, मिति २०८०/११/१६ को पत्र समेत यसै साथ संलग्न गरिएकाले व्यहोरा सोही बाट अवगत गरि आवश्यक कारवाहीको लागी पठाईएको व्यहोरा अनुरोध छ ।

अशोक कुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या :- २०८०।०८१

चलानी नं.: ४३२

मितिः २०८१।०१।०९

विषय: निशुल्क उपचारका लागि सिफारिस सम्बन्धमा ।

श्री गाउँपालिका/नगरपालिका (सबै) ।

काठमाडौ महानगरपालिकाको प. सं. २०८०।०८१, च. नं. १०८०, मिति २०८०।११।१६ को आवश्यक समन्वय गरिदिने सम्वन्धी पत्र संलग्न छ । सो सम्बन्धमा काठमाडौ महानगरपालिका क्षेत्र भित्रका सम्पूर्ण अस्पतालहरुले कुल शैयाको दश प्रतिशतमा नेपालको जुनसुकै स्थानका लक्षित वर्गलाई अनिवार्य निःशुल्क उपचार सेवा उपलव्ध गराउनुपर्ने कानूनी व्यवस्था बमोजिम लक्षित वर्ग विपन्न, असहाय, बेवारिसे बिरामीलाई वडा कार्यालयहरुबाट सिफारिस गर्दा 'काठमाडौ महानगरपालिका अस्पतालमा निःशुल्क उपचार सेवा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८०' मा व्यवस्था भएबमोजिम आवश्यक रित पुर्‍याई सिफारिस गर्ने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

(दीपेश कट्टेल)
शाखा अधिकृत

बोधार्थः

श्री काठमाडौ महानगरपालिका, बागदरबार, काठमाडौ ।

श्री सूचना तथा प्रविधि शाखाः वेवसाइटमा अपलोड गरी सम्पूर्ण स्थानीय तहमा इमेल गरिदिनुहुन ।

श्री मध्यानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामराबार काठमाडौं, बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८०/८१
चलानी नं: १०८०

मितिः २०८०/११/१६

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषयः आवश्यक परिपत्र गरिदिने सम्बन्धमा।

प्रस्तुत विषयमा स्वास्थ्य संस्था संचालन मापदण्ड, २०७७ को ७० (घ) र काठमाडौं महानगरपालिका जनस्वास्थ्य ऐन २०८० को दफा २८ बमोजिम काठमाडौं महानगरपालिका क्षेत्र भित्रका सम्पुर्ण अस्पतालहरुले कुल शैयाको १० प्रतिशतमा नेपालको जुनसुकै स्थानका लक्षित वर्गलाई अनिवार्य रुपमा निःशुल्क उपचार सेवा उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था भएको र "काठमाडौं महानगरपालिका अस्पतालमा निःशुल्क उपचार सेवा उपलब्ध गराउने सम्बन्धी कार्यविधी, २०८०" स्वीकृत भई सो कार्यविधी बमोजिम http://freehealth.kathmandu.gov.np सफ्टवयेर कार्यन्वयनमा आई सकेको हुँदा लक्षित वर्ग विपन्न, असाहय, बेवारिसे बिरामीलाई वडा कार्यालयहरुबाट सिफारिस गर्दा ऐ.ऐ. कार्यविधी २०८० बमोजिम कार्यन्वयन गर्ने सम्बन्धमा सम्पूर्ण स्थानिय तहहरुलाई पत्रचार गरी सहयोग गरिदिनुहुन अनुरोध छ ।
पुनश्चः बिरामीलाई सिफारिस गर्दा अनिवार्य रुपमा कार्यविधीको अनुसूची ५ बमोजिमको आर्थिक विवरण भराई अनुसूची ४ बमोजिको सर्जिमन मुचुल्का र अनुसूची ३ बमोजिमको बिरामीको उपचार सुनिश्चित हुने अस्पतालमा सम्बन्धित वडाबाट सिफारिस गर्ने र आवश्यक अनुसूचीहरु समेत ऐ.ऐ. वेवसाईटबाट डाउनलोड गर्न सकिने ।

बोधार्थः
- श्रीमान् प्रमुखज्यूको सचिवालय, काठमाडौं महानगरपालिका।
- श्रीमान् उप-प्रमुखज्यूको सचिवालय, काठमाडौं महानगरपालिका।

(प्रदीप परियार)
प्रमुख प्रशासकिय अधिकृत